# नेपाली आवाज

दुर्गालाल श्रेष्ठ

राम्रोमा राम्रो कुनै छ भने, नेपालै राम्रो छ

धन्य हौं हामी यत्तिको राम्रो नेपालै हाम्रो छ ।

अग्लोमा अग्लो यहीं छ हाम्रो हिउँको पहाड

बेग्लैको मेला, बेग्लैको पर्व, बेग्लैको चहाड

मर्दैनौं हामी, नमर्ने कला-संस्कृति हाम्रो छ ।

भिन्नै भएनि के भो र बाटो, भिन्नै होस् जपना

तिम्रो र हाम्रो सबैको तर यौटै होस् सपना

मर्दैन देश, नझुक्ने जहाँ साहसै हाम्रो छ ।

यो मुख खोल्दा सबैले सुनून् नेपाल बोलेको

सबैले देखून् नेपालले नै हृदय खोलेको

संसारबासी सबैले भनून् नेपालै राम्रो छ ।

यो पाउ जहाँ टेकिन्छ त्यहाँ नेपाल फुल्नेछ

यो श्वासपिच्छे सुगन्ध भई नेपाल डुल्नेछ

हामीलाई आफ्नो यो ज्यानभन्दा नेपालै प्यारो छ ।

*-२१ साउन २०५७*